# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख २७ गते २०३४ साल

श्री ५ को सरकार

### रक्षा मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले शाही नेपाली सेनाको ब्यारेक विस्तार गर्ने कार्यको लागि वाग्मती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं नगर पञ्चायत वडा नं. १ (घ) मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व टेक्निकल ट्रेनिङ्ग इन्ष्टिच्यूटको पर्खाल, पश्चिम टुकुचाखोला, उत्तर पीच लागेको सडक, दक्षिण कि.नं. ६ को साँध र टुकुचाखोला यति ४ किल्लाभित्रको कि.नं. ४ को रोपनी २–१०–० (दुई रोपनी दश आना) को मालपोत रू. १०।२९ (दश रूपैयाँ उनन्तीस पैसा) लागेको कित्ता।

आज्ञाले–

फणीन्द्रराज हमाल

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।